apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः २८४ ● पृष्ठः ४ ● १२ कार्तिक २०८३ विहीबार (29 October 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

तिहार र छठ नजिकिएसँगै माटो र बाँसका सामग्रीको माग बढ्यो

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक ११ गते

तिहार र छठपर्व नजिकिएसँगै सिरहा बजारमा माटो र बाँसबाट बनेका सामग्रीको माग बढेको छ। चाडपर्वमा पूजाआजा तथा धार्मिक अनुष्ठानका लागि यस्ता सामग्री आवश्यक पर्ने भएकाले स्थानीय बजारमा किनबेच बढेको हो।

तिहारमा प्रयोग हुने माटोका दियो, कलश र घैला तथा छठपर्वमा आवश्यक पर्ने बाँसका कोनिया, नाङ्लो र ढाकीलगायतका सामग्रीको माग दसैँपछि बढेको स्थानीय व्यापारी अशोक साहले बताए।

बाँसका सामग्री बिक्री गर्दै आएको एक दशक भएको उल्लेख गर्दै साहले अन्य समयमा व्यापार सामान्य रहे पनि दसैँदेखि छठसम्म कारोबार बढ्ने गरेको बताए। उनका अनुसार सामान्य समयमा दैनिक करिब एक हजार रुपैयाँको कारोबार हुने गरेकामा दसैँदेखि तिहारसम्म कारोबार दोब्बर हुने गरेको छ।

सामान्य अवस्थामा विवाह, व्रतबन्ध, मृत्यु संस्कार तथा घरायसी पूजाआजामा प्रयोग हुने माटो र बाँसका सामग्रीको माग तिहार तथा छठमा उल्लेख्य रूपमा बढ्ने गरेको सिरहा नगरपालिका-१२ की शिवशक्ति मण्डलले बताइन्। मधेशका विभिन्न समुदायमा यी सामग्रीको धार्मिक तथा सांस्कृतिक महत्त्व रहेकाले चाडपर्वका बेला यसको प्रयोग बढ्ने गरेको उनको भनाइ छ।

सिरहाका विभिन्न पालिकामा बसोबास गर्ने कुमाल समुदायले माटोका सामग्री तथा मरिक (डोम) समुदायले बाँसका सामग्री निर्माण गर्दै आएका छन्। स्थानीयस्तरमा उत्पादित सामग्रीको बिक्री बढ्दा परम्परागत सीप र पेसामा आबद्ध समुदायको आम्दानीमा सहयोग पुग्ने गरेको छ।

स्थानीय बजारमै माटो र बाँसका सामग्री उपलब्ध हुँदा उपभोक्तालाई सहज हुनुका साथै स्थानीय उत्पादनले बजारसमेत पाउने गरेको छ। चाडपर्वका बेला बढ्ने मागले परम्परागत पेसाको निरन्तरता र स्थानीय अर्थतन्त्रमा समेत योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

विज्ञापनमा विभेद रोक्ने फैसला अविलम्ब कार्यान्वयन गर्न निर्देशन



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक ११ गते

सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले सरकारी विज्ञापनमा विभेदविरुद्धको फैसला 'अविलम्ब कार्यान्वयन गर्न' सरकारलाई निर्देशन दिएको छ।

सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयले सो फैसला अविलम्ब कार्यान्वयन गरी कार्यान्वयनको जानकारी निर्देशनालयलाई गराउन पनि पत्रमा भनिएको छ।

असार ३० को फैसला कार्यान्वयनको माग गर्दै दायर गरिएको निवेदनउपरको कारबाहीमा फैसला कार्यान्वयन निर्देशनालयले उक्त निर्देशन दिएको निवेदक अधिवक्ता अनन्तराज लुइँटेलले जानकारी दिए।

सर्वोच्च अदालतका न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले सरकारी विज्ञापनमा विभेद गर्न नपाइने भन्दै २०८२ चैत १८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णय तथा परिपत्र उत्प्रेषणको आदेशले

बाँकी पृष्ठ २ ▸▸

अमेरिकन संस्था पिस कोर र मधेश कृषि विश्वविद्यालयबीच शैक्षिक सम्झौता

अपन दैनिक संवाददाता
राजविराज, कार्तिक ११ गते

मधेश प्रदेश कृषि विश्वविद्यालय राजविराज र अमेरिकन संस्था पिस कोरबीच शैक्षिक सम्झौता भएको छ। बुधबार राजविराजमा आयोजित कार्यक्रममा प्रदेशका अर्थमन्त्री युवराज भट्टराईको उपस्थितिमा विश्वविद्यालयको तर्फबाट उपकुलपति डा. वैधनाथ महतो र कोरका तर्फबाट नेपालका राष्ट्रिय निर्देशक डा. किम

बाँकी पृष्ठ ३ ▸▸

रास्वपाले माग्यो निलम्बित धनुषा सभापति यादवसँग पाँच विषयमा स्पष्टीकरण

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक ११ गते

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मधेश प्रदेश समितिले धनुषाका निलम्बित जिल्ला सभापति लक्ष्मेश्वर यादवसँग सार्वजनिक अभिव्यक्तिबारे तीन दिनभित्र लिखित स्पष्टीकरण पेस गर्न निर्देशन दिएको छ। बाँकी पृष्ठ ४ ▸▸

गोलबजार नगरपालिकाबाटै करदाता सेवा सुरु हुने

सिरहामा स्थानीय तहमै करदाता सेवा, समझदारी गर्ने पहिलो नगरपालिका बन्यो गोलबजार

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक ११ गते

सिरहाको गोलबजार नगरपालिकाबाट चाँडै करदाता सेवा सञ्चालन हुने भएको छ। जिल्लामा पहिलोपटक आन्तरिक राजस्व कार्यालय लहान र गोलबजार नगरपालिकाबीच करदाता सेवा सञ्चालन गर्ने सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको छ।

समझदारीपत्रमा हस्ताक्षरपछि आन्तरिक राजस्व कार्यालय लहानका प्रमुख अमित पौड्यालले यस सेवाबाट साना व्यक्तिगत तथा व्यावसायिक करदाताहरू विशेष रूपमा लाभान्वित हुने बताए। नगरपालिकाबाटै सेवा उपलब्ध भएपछि करसम्बन्धी सामान्य कामका लागि लहानसम्म धाउनुपर्ने बाध्यता कम हुने उनले बताए।

"साना करदाताले अब नगरपालिकाबाटै सेवा प्राप्त गर्न सक्नेछन्। यसले सेवाग्राहीलाई सहज हुनुका साथै कार्यालयको कार्यभारसमेत घटाउनेछ," पौड्यालले भने। स्थानीय तहसँग सहकार्य हुँदा नगर क्षेत्रका व्यवसायीसँग सम्बन्ध विस्तार गर्न र स्थानीय राजस्व वृद्धि गर्नसमेत सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे।

गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रपनारायण खतिवडाले आवश्यक कर्मचारीलाई तालिम दिएपछि मंसिरको पहिलो सातादेखि सेवा सञ्चालन गर्ने तयारी रहेको जानकारी दिए। सिरहा जिल्लामै करदाता सेवा सञ्चालनका लागि समझदारी गर्ने पहिलो नगरपालिका हुन पाएकोमा उनले खुसी व्यक्त गरे।

नगरप्रमुख श्यामकुमार श्रेष्ठले स्थानीयस्तरमै प्रशासनिक सेवा उपलब्ध गराउने उद्देश्यले यो पहल गरिएको बताए। आगामी दिनमा पनि नागरिकलाई सहज हुने अन्य सेवा नगरपालिकाबाटै उपलब्ध गराउन पहल गरिने उनले बताए।

करदाता सेवा सञ्चालनमा आएपछि गोलबजार तथा आसपासका क्षेत्रका साना व्यवसायी र व्यक्तिगत करदातालाई समय र खर्च बचतमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

विजया दशमीको दिनदेखि धनुषाबाट एक बालक बेपत्ता

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक ११ गते

धनुषाबाट एक बालक एक सातादेखि बेपत्ता भएका छन्। धनुषाको नगराइन नगरपालिका-७ देवडिहाका अजय झाका ७ वर्षीय छोरा साकेत झा बेपत्ता छन्।

जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) ओमप्रकाश खनालका अनुसार गत कार्तिक ४ गते विजयादशमीको दिन बालक घरबाट निस्केका थिए। त्यसपछि उनी बेपत्ता छन्।

परिवारजन तथा प्रहरीले निरन्तर खोजिरहे पनि साकेत फेला पर्न सकेका छैनन्। डीएसपी खनालका अनुसार प्रहरीले नजिकका गाउँघर तथा वरपर रहेका पोखरी, झाडी सबैमा खोजी भइसकेको छ।

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

दस्तावेजमा गैरदलीय स्थानीय तह, व्यवहारमा सबैभन्दा पहिले उम्मेदवार खोज्दै रास्वपा

दिपेन्द्र अधिकारी

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अरु दललाई पछि पार्दै सबैभन्दा पहिले स्थानीय तहको उम्मेदवार खोजी गरिरहेको छ । देशभर संगठनको जरा गाड्दै गरेको पार्टी हुनाले उसले कार्यकर्तासँगै कुलिङ पिरियड कटाएर अन्य पार्टीबाट आएका र नवप्रवेशीलाई उम्मेदवार बन्ने बाटो खुला राखेको छ।

रास्वपाले आफ्नै नीतिलाई एकातिर राखेर गतिविधि भने त्यसको विपरीत गरिरहेको आरोप पनि खेपिरहेको छ। उसले पहिलो महाधिवेशनबाट पारित गरेको दस्तावेजमा स्थानीय तह गैरदलीय बनाउने उल्लेख छ।

गत असारमा भएको पहिलो महाधिवेशनबाट पारित दस्तावेजमा उपसभापति डा. स्वर्णिम वाग्लेले पेस गरेको अर्थराजनीतिक प्रतिवेदनमा 'दलविहीन स्थानीय तह' को पक्षमा पार्टीलाई हिँडाएका छन्।

'नयाँ संविधानमै टेकेर रास्वपाले वैधानिक हैसियत बनाएकाले लामो संघर्षबाट प्राप्त उपलब्धिका रूपमा समन्यायिक समाज निर्माणको अवधारणालाई आत्मसात् गरेको हो। हाम्रो संख्या र सामर्थ्य पुगेको दिन वर्तमान संविधान परिमार्जन गर्नेछौं,' दस्तावेजमा भनिएको छ, 'प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सांसद मन्त्री नबन्ने प्रणाली, दलविहीन स्थानीय तह एवं ७५३ को सङ्ख्यामा एक तिहाइ कटौती, प्रदेशसभाको खारेजीसहित संघीयताको पुनर्संरचना, न्यायपरिषद्लगायत अन्य संवैधानिक अंगहरूको आमूल सुधार, मान्यताप्राप्त राजनीतिक दलको पारदर्शी कोषभरणजस्ता शासकीय सुधारका एजेन्डा रास्वपाले बहसका लागि प्रवेश गराइसकेको छ।'

गत २१ फागुनको प्रतिनिधिसभा चुनावको उम्मेदवारलाई मत माग्ने क्रममा स्थानीय तह गैरदलीय बनाउने प्रतिबद्धता गरिएको थियो। त्यस्तै, चुनावी वाचापत्रमा समेत गैरदलीय स्थानीय सरकारका लागि संविधान संशोधन बहसपत्र तयार गर्ने प्रतिबद्धता जनाइएको थियो।

'सरकार सम्हालेको तीन महिनाभित्र राष्ट्रिय सहमति कायम गर्ने हेतुले संविधान संशोधनका प्रस्तावहरूबारे 'बहसपत्र' तयार गर्नेछौं,' उसको वाचापत्रमा भनिएको छ।

रास्वपाले संविधान संशोधन गर्न मस्यौदा कार्यदल पनि बनाएको थियो । उसले पूर्वसांसद तथा प्रधानमन्त्री वालेन्द्र शाह बालेनका राजनीतिक सल्लाहकार असीम शाहको नेतृत्वमा मस्यौदा कार्यदल बनाएको थियो। समितिले दिएको मस्यौदाको विषय हेर्ने फुर्सद न पार्टीलाई छ न सरकारलाई । प्रमुख राजनीतिक दलहरूले सो कार्यदललाई मान्यता दिन अस्वीकार गरेका थिए।

नेपाली कांग्रेसले कार्यदलमा आफ्नो प्रतिनिधि नै पठाएको थिएन भने सहभागी भएका एमाले, नेकपा र मधेशवादी दलहरूले पछि सदस्यहरूलाई फिर्ता बोलाएका थिए। संविधान संशोधनको बहस नै अहिले सेलाएको छ।

आफूले भनेको एजेन्डामा टिक्ने भन्दा पनि परिस्थितिलाई दोष दिएर सहज बाटो रोज्ने काम रास्वपाले गरिरहेको छ । उसले क्यान्डिडेट क्लबमार्फत आफ्ना उम्मेदवारहरूको छनोट कार्य जारी राखेको छ । गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष पदमा बढी आकर्षण देखिएको छ।

परम्परागत दलहरूलाई भने स्थानीय तहको चुनावले छोइसकेको छैन। विभिन्न अभियानहरू घोषणा गरे पनि त्यसलाई नागरिक तहसम्म लैजान समय लाग्ने देखिन्छ।

किन गयो दस्तावेजको विपक्षमा रास्वपा ?

स्थानीय तह निर्वाचन ऐन, २०७३ को परिच्छेद २ को दफा १ मा गाउँसभा र नगरसभाका पदाधिकारीहरूको कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअगाडि नै निर्वाचन गर्नुपर्ने कानुनी व्यवस्था छ। पाँच वर्षअघि निर्वाचित भएका स्थानीय तहका प्रमुख, उपप्रमुख, वडाध्यक्ष तथा सदस्यहरूको कार्यकाल आगामी ५ जेठमा सकिँदै छ।

कानुनी व्यवस्थाअनुसार कार्यकाल सकिनुभन्दा २ महिनाअगावै (फागुन वा चैतको सुरुमै) निर्वाचन गर्ने गरी निर्वाचन आयोगले आन्तरिक तयारी र छलफल अघि बढाएको छ। स्थानीय तहको चुनावअघि संविधान संशोधन गर्न सम्भव नभएको बुझाइ रास्वपाको छ। उसले स्थानीय तह गैरदलीय बनाउने र संख्या घटाउने विषय संविधान संशोधनको बेलामा सहमतिको आधारमा प्रवेश गर्ने जनाएको छ।

रास्वपाका सचेतक प्रकाशचन्द्र परियार पार्टीले संविधान ६ महिनामा संशोधन नगरे परिणाम नै नआउने भन्ने नभएको बताउँछन्। 'पुनर्संरचना गर्ने कुरा खेलाँची कुरा होइन । अस्ति कांग्रेस एमालेसँग दुईतिहाइ थियो। ६ महिनामा निर्वाचन हुँदै छ भने रास्वपा संविधानभन्दा बाहिर छैन । अध्यादेश संविधानमै छ । रास्वपाले आफ्नो वाचापत्रमा स्थानीय तहलाई पुनर्संरचना गर्ने र गैरदलीय बनाउने कुरा सैद्धान्तिक रूपमा राखेको छ,' उनले भने।

'हामीले संविधानलाई आत्मसात् गरेका छौँ। संविधान संशोधन गर्न सकिन्छ। स्थानीय तहको चुनावको समयसीमा पनि छ। चुनाव सारेर १६ वर्षसम्म कर्मचारीको हातमा स्थानीय तह सुम्पिँदा देशको बेहाल भयो। अहिले संविधानमा भएको संरचनामा भाग लिऔँ भोलि संविधान संशोधनको कुरामा रास्वपाले आफ्नो प्रस्ताव राख्छ । त्यसमा अरु पाँचवटा दलहरूको पनि सहमति लिइन्छ। हामीलाई सङ्ख्याको अहंकार छैन', उनले थपे।

राजनीतिक विश्लेषक डा सञ्जीव हुमागाईं स्थानीय तह गैरदलीय बनाउन नहुने मत राख्छन्। 'हाम्रो स्थानीय तहहरू ठूलो युनिटमा छ। योजना बनाउने तहको भएकाले राजनीतिक पार्टीहरूले फाइट गर्ने कुरा स्वाभाविक छ । गैरदलीय बनाउने कुरा राजनीतिक भाषण हुन सक्छ तर व्यावहारिक हुँदैन,' उनले भने।

विज्ञापनमा विभेद रोक्ने फैसला अविलम्ब ....

बदर गरेपश्चात् समेत फैसलाको कार्यान्वयन हुन नसकेको दाबीसहित अधिवक्ता लुइँटेलले निर्देशनालयमा निवेदन दायर गरेका थिए।

सो फैसलाको पूर्णपाठमा भनिएको छ, 'सरकारले सार्वजनिक तथा निजी सञ्चारमाध्यमलाई विभेदपूर्ण व्यवहार गर्न, सरकारी सूचना वा विज्ञापनको प्रकाशन प्रशारण गर्दा भेदभाव नगरी व्यवहार गर्न मिल्ने कानुनी व्यवस्था नियमन गर्ने ऐन, २०७६ लगायतमा नरहेको सन्दर्भमा सञ्चारको हक र अन्ततः विचार र अभिव्यक्तिको स्वतन्त्रताको उपभोगमा प्रतिकूल असर गर्नेगरी प्रत्यर्थीबाट मिति २०८२।१२।१८ को निर्णयलाई संविधान र कानुन अनुकूलको मान्न मिलेन। तसर्थ, प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सचिवबाट मिति २०८२।१२।१८ को विवादित निर्णय तथा पत्राचार कायम रहन नसक्ने भएकोले नेपालको संविधानको धारा १३३(२)र(३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ।'

चैत १८ को विभेदकारी निर्णय तथा परिपत्र बदरको माग गर्दै अधिवक्ता लुइँटेलले सर्वोच्च अदालतमा निवेदन दायर गरेका थिए।

चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरु संचारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तह तथा सो अन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरुले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका संचार माध्यममा मात्र प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो।

सम्पादकीय...

सिरहाका स्थानीय तहमा फितलो जवाफदेहिता र बढ्दो भ्रष्टाचार

सिरहामा १७ वटा स्थानीय सरकार रहेको छ। स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाउनुको उद्देश्य जनतालाई सहज, सुलभ र पारदर्शी सेवा प्रदान गर्नु हो। त्यससँगै विकास निर्माणलाई प्रभावकारी बनाउनु हो। तर, स्थानीय सरकार सञ्चालनको जिम्मेवारी पाएका जनप्रतिनिधि र कर्मचारी नै आर्थिक अनियमितता, भ्रष्टाचार र मिलेमतोका आरोपमा मुछिने गरेका छन्। जसले गर्दा संघीयताको मर्ममाथि नै प्रश्न उठ्न थालेको छ। मधेश प्रदेशको सिरहा जिल्लाका विभिन्न स्थानीय तहमा पटकपटक भ्रष्टाचारसम्बन्धी घटना सार्वजनिक भएको छ। जसले गम्भीर प्रश्न खडा गरेको छ। सिरहा जिल्लाका १७ वटै स्थानीय तह जनताको विकास, समृद्धि र सुशासनका आधार बन्नुपर्ने हो। तर, जिल्लाका केही पालिकामा निर्वाचित जनप्रतिनिधिदेखि प्रमुख प्रशासकीय अधिकृत र अन्य कर्मचारीसम्म भ्रष्टाचारसम्बन्धी मुद्दामा मुछिएका छन्। विशेषगरी कल्याणपुर नगरपालिकाको नाम भ्रष्टाचारसम्बन्धी प्रकरणमा पटकपटक जोडियो। जसले गर्दा प्रशासनिक कार्यशैली, आर्थिक अनुशासन र संस्थागत जवाफदेहितामाथि गम्भीर प्रश्न उठाएको छ। नगरपालिकाका दुई-दुई जना मेयर तथा अन्य कर्मचारीले भ्रष्टाचारसम्बन्धी मुद्दा झेल्नुपरेको अवस्थाले स्थानीय शासन प्रणालीमा विद्यमान कमजोरीलाई उजागर गर्छ। त्यससँगै कर्जन्हा नगरपालिका, गोलबजार नगरपालिका, नरहा गाउँपालिका, विष्णुपुर गाउँपालिका, लक्ष्मीपुर पतारी गाउँपालिका र नवराजपुर गाउँपालिका लगायतका स्थानीय तहका जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतमाथि पनि भ्रष्टाचारसम्बन्धी मुद्दा दायर भईसकेको छ। यसमध्ये केही मुद्दा अदालतमा विचाराधीन रहेको अवस्थामा छ।

स्थानीय तहको आर्थिक कारोबार, विकास निर्माण र प्रशासनिक निर्णय प्रक्रियामा प्रभावकारी निगरानी आवश्यक रहेको देखाउँछ। त्यसो त मुद्दा दायर हुँदैमा कुनै व्यक्ति दोषी ठहर भएको मान्न मिल्दैन्। अदालतबाट अन्तिम फैसला नआएसम्म आरोपितको कानुनी अधिकार र निर्दोषिताको विषय कायम रहन्छ। तर, सिरहा जिल्लाका विभिन्न स्थानीय तहमा यस्ता घटना दोहोरिनु आफैँमा गम्भीर समीक्षा र सुधारको विषय हो। यस सन्दर्भमा निर्वाचित जनप्रतिनिधिको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ। मेयर, उपमेयर, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षहरू जनताबाट निर्वाचित प्रतिनिधि हुन्। उनीहरू जनताप्रति उत्तरदायी हुनुपर्छ। विकास बजेट कहाँ, कसरी र किन खर्च भयो भन्ने प्रश्नको जवाफ दिनु उनीहरूको दायित्व हो। सार्वजनिक स्रोतको उपयोगमा पारदर्शिता कायम गर्नु, निर्णय प्रक्रियालाई विधिसम्मत बनाउनु र अनियमितताप्रति शून्य सहनशीलताको नीति अपनाउनु जनप्रतिनिधिको अनिवार्य जिम्मेवारी हो। राजनीतिक पहुँच वा दलगत आबद्धताका आधारमा कसैलाई संरक्षण गर्ने प्रवृत्तिले भ्रष्टाचार नियन्त्रण हुन सक्दैन्। प्रमुख प्रशासकीय अधिकृत र अन्य सरकारी कर्मचारीको भूमिका पनि उत्तिकै संवेदनशील छ। स्थानीय तहको आर्थिक तथा प्रशासनिक कामकाज कानुन, नियम र निर्धारित प्रक्रियाअनुसार सञ्चालन गर्ने जिम्मेवारी उनीहरूकै हुन्छ। जनप्रतिनिधिले दिएका निर्देशनसमेत कानुनसम्मत छन् कि छैनन् भन्ने यकिन गर्नु प्रशासनिक नेतृत्वको दायित्व हो। गैरकानुनी निर्णय, अनुचित भुक्तानी वा प्रक्रियाविपरीतका काममा सहभागी हुनु अथवा दबाबका कारण मौन बस्नु दुवै सुशासनका दृष्टिले अस्वीकार्य छन्। कर्मचारीले आफ्नो व्यावसायिक निष्पक्षता, नैतिकता र कानुनी जिम्मेवारीलाई प्राथमिकता दिनुपर्छ। सिरहाका स्थानीय तहमा सुशासन कायम गर्न ठोस कदम चाल्नुपर्ने आवश्यकता छ।

सिरहाका स्थानीय तहको प्रतिष्ठा केही व्यक्तिमाथि लागेका आरोपले मात्र होइन, त्यहाँको समग्र शासन प्रणालीले निर्धारण गर्छ। भ्रष्टाचारसम्बन्धी मुद्दा दोहोरिनु संस्थागत सुधारको आवश्यकता देखाउने चेतावनी हो। यसलाई राजनीतिक आरोप-प्रत्यारोपको विषय बनाएर पन्छाउनुको सट्टा प्रत्येक पालिकाले आफ्नो कार्यशैली, आर्थिक व्यवस्थापन र प्रशासनिक संस्कारको गम्भीर समीक्षा गर्नुपर्छ। कल्याणपुर नगरपालिका होस् वा जिल्लाका अन्य स्थानीय तह, सबैले सुशासनलाई प्राथमिकतामा राख्नुपर्छ। जनप्रतिनिधि जनताका मालिक होइनन्, सेवक हुन्। कर्मचारी सार्वजनिक अधिकारका निजी उपभोगकर्ता होइनन्, जनताप्रति उत्तरदायी सेवाप्रदायक हुन्। यो मान्यता व्यवहारमा स्थापित नभएसम्म भ्रष्टाचार नियन्त्रणको नारा सार्थक हुन सक्दैन्। सार्वजनिक पदलाई निजी लाभको माध्यम बनाउने प्रवृत्तिको अन्त्य, पारदर्शी आर्थिक कारोबार, निष्पक्ष प्रशासन र प्रभावकारी नागरिक निगरानी नै सुशासनका आधार हुन्। सिरहाका स्थानीय तहले अब आरोप र विवादबाट मुक्त भएर स्वच्छ प्रशासन र जवाफदेहिताको उदाहरण प्रस्तुत गर्नुपर्छ। जवाफदेहिता बलियो भए मात्र भ्रष्टाचार नियन्त्रण हुन्छ र सुशासन स्थापित भए मात्र स्थानीय सरकारप्रति जनताको विश्वास पुनःस्थापित हुन सक्छ। त्यसैले सिरहा जिल्लाका १७ वटै पालिकाले २०७९ को चुनावपछिको पाँचौं वर्षमा आफ्नो जिम्मेवारीलाई निष्पक्षताको र जवाफदेहिताको ढंगवाट बहन गर्न सक्नुपर्छ। जसले सुशासन कायम गर्न बल मिल्न सक्छ।

आजको राशिफल

मेष : आज नयाँ काम थालनी नगर्नु उचित देखिन्छ। कतै घाउचोट लाग्ने भएकाले आज सतर्क रहनु उपयुक्त हुन्छ।

बृष : शिक्षाको क्षेत्रमा प्रगति हुनेछ। प्रशंसा गर्नेछन्। व्यापारमा लगानी गरेको भए फाइदा हुनेछ।

मिथुन : संकटमा साथीको साथ मिल्ने छ। धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गर्दा फाइदा हुनेछ।

कर्कट : साथीले सहयोग नगर्दा मन अशान्त बन्नसक्छ। आज व्यापारमा ठुलो लगानी नगर्नु उचित हुनेछ।

सिंह : प्रियजनसँगको भेटले मनमा खुसी हुनेछ। मिष्ठान्न भोजन हुनेछ। राज्यको तर्फबाट सेवाको अवसर मिल्ने छ।

कन्या : परिवारमा मेलमिलाप हुनेछ। स्वदेशमा गरेको लगानीबाट नाफा हुने योग छ।

तुला : परीक्षा लेखेको भए राम्रो नतिजा प्राप्त हुनेछ। प्रतिस्पर्धामा अब्बल बन्ने दिन छ। पारिवारिक मेलमिलाप हुनेछ।

वृश्चिक : हरेक क्षेबमा मिहिनेत गरेर क्षमताको प्रदर्शन गर्ने दिन छ। शिक्षामा गरेको लगानीबाट फाइदा हुने योग छ।

धनु : हरेक काममा सफलताका लागि मिहिनेत गर्नुपर्ने समय छ। विपक्षी सक्रिय भएकाले जोगिएर काम गर्नुपर्ने छ।

मकर : व्यापारमा लाभ हुनेछ। लगानीका क्षेत्रमा फाइदा हुने योग छ। मनमा उत्साह बढ्ने छ।

कुम्भ : हरेक काममा परिश्रम गर्नुपर्ने समय छ। व्यवहारिक बोझले केही समस्या देखिने छन्।

मीन : दिन राम्रो छ। गुम्न लागेको धन प्राप्त हुनेछ। स्वास्थ्यमा सुधार हुने छ। साथीले सहयोग गर्ने छन्।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

प्रहरीको पोशाक खरिदसम्बन्धी अध्ययन उपसमितिको दोस्रो बैठक आह्वान

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक ११ गते

निर्वाचन प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको पोशाक खरिदसम्बन्धी अध्ययन उपसमितिको दोस्रो बैठक आह्वान भएको छ।

१६ असोज २०८३ मा प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिले निर्वाचन प्रहरीको पोशाक खरिदबारे अध्ययन गर्न उपसमिति गठन गरेको थियो।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाको नेतृत्वमा गठित ९ सदस्यीय उपसमितिको पहिलो बैठक २१ असोज २०८३ मै बसेको थियो। पहिलो बैठकमा प्रारम्भिक छलफल भएको थियो।

दोस्रो बैठक बिहीबार बिहान ९ बजे बस्ने तय भएको छ। प्रहरीको पोशाक खरिदसम्बन्धी अध्ययन उपसमितिको बैठक सिंहदरबारमा बस्नेछ।

यो उपसमितिमा सांसदहरू ऐन महर, योगेश गौचन थकाली, आरेन राई, खगेन्द्र सुनार, खुश्बु ओली, रमेशकुमार मल्ल, गणेश धिमाल र महेन्द्रबहादुर शाही सदस्य रहेका छन्।

उपसमितिलाई दुई महिनाको समयसीमा दिइएको छ। निर्धारित समयभित्र प्राप्त उजुरीउपर अध्ययन गरेर प्रतिवेदन दिने उपसमितिको तयारी छ।

नेपाल प्रहरीले गत वर्ष माघमा निर्वाचन प्रहरीका लागि पोशाक खरिद गरेको थियो।

त्यसक्रममा अनियमितता भएको दाबी गर्दै सांसद खगेन्द्र सुनारले निरन्तर प्रश्न उठाइरहेका छन्।

२१ फागुनको प्रतिनिधिसभा निर्वाचनका लागि नेपाल प्रहरीले एक लाख ३३ हजार ९८० जना र शसस्त्र प्रहरीले १५ हजार ११० जना निर्वाचन प्रहरी भर्ना गरेको थियो। दुवैतर्फ गरी कुल एक लाख ४९ हजार ९० जना निर्वाचन प्रहरी भर्ना भएका थिए।

निर्वाचन प्रहरीले भूगोल अनुसार प्रतिव्यक्ति न्यूनतम ५० हजार ९५४ रुपैयाँदेखि अधिकतम ८६ हजार ४८४ रुपैंया खर्च भएको थियो। उनीहरूले ४० दिनको अवधिको पारिश्रमिक, रासन, यातायात खर्च र खाजा खर्च बापत रकम पाएका थिए।

सरकारले निर्वाचन प्रहरीलाई पोसाक वापत रकम उपलब्ध गराएको थियो। हिमाली भेगमा खटिनेले ११ हजार ५ सय, पहाडमा ७ हजार ९४५ र तराईमा खटिने प्रहरीका लागि ६ हजार १७० रुपैंयाका दरले रकम छुट्याइएको थियो।

निर्वाचन प्रहरीको पोशाक शीर्षकमा करिब एक अर्ब रुपैंयाँ निकासा भएको थियो।

प्रहरी मुख्यालयले खटिएको ठाँउमा जान र फर्कन तयारी खर्च भनी ८ सय ४८ रुपैंया र चार दिन तालिम हुँदा खाजा बापतको एकमुष्ठ १२ सय रुपैंया पनि दिएको थियो। अहिले विवादमा परेको खर्च पोशाक बापतको रकमको हो।

डेढ महिनाका लागि मात्रै नियुक्त ती प्रहरीलाई कमसल सामग्री उपलब्ध गराइएको भनेर उठेको प्रश्नबारे

बाँकी पृष्ठ ४ ▶▶

अमेरिकन संस्था पिस कोर र मधेश कृषि विश्वविद्यालयबीच ....

नजबुल्लाले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन्।

शैक्षिक अनुसन्धान तथा साँस्कृतिक विकासका लागि दुवै संस्थाबीच उक्त सम्झौतापत्र हस्ताक्षर भएको हो। उक्त अवसरमा अर्थमन्त्री भट्टराईले मधेश विश्वविद्यालय र पिस कोरबीच भएको सम्झौता भविष्यमा कोसेढुंगा साबित हुने बताए। उनले नेपालमा पिस कोरको लामो इतिहास रहेको र यसले कृषि र शैक्षिक अवस्था परिवर्तनमा सकारात्मक भूमिका निर्वाह हुने बताए।

कार्यक्रममा विश्वविद्यालयका रजिस्ट्रार डा. श्रीभगवान ठाकुरले समझदारी कार्यान्वयनपश्चात् विश्वविद्यालयको शैक्षिक गुणस्तर, अनुसन्धान, सिप विकास तथा सूचना प्रविधि विस्तारका साथै परियोजना तयार कार्यान्वयन एवं मूल्याङ्कनमा निरन्तर सहयोग रहने जानकारी दिए।

सामारोहमा विश्वविद्यालयका पदाधिकारी, शिक्षक, कर्मचारी, विद्यार्थी एवं पिस कोर नेपालका कार्यक्रम व्यवस्थापक, स्वयंसेवक लगायत अन्य पदाधिकारीहरूको उपस्थिति थियो।

व्यापार घाटा पाँच खर्ब ३२ अर्ब

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक ११ गते

आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा नेपालको व्यापार घाटा ३४.७१ प्रतिशतले बढेर पाँच खर्ब ३२ अर्ब ४९ करोड रुपैयाँ पुगेको छ।

निर्यात वृद्धिदरमा सुधार आए पनि आयात निर्यातभन्दा बढी रहेकाले व्यापार घाटा बढेको हो।

भन्सार विभागले बुधबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रैमासिक (साउन, भदौ, असोजमा) वैदेशिक व्यापारसम्बन्धी तथ्यांकअनुसार अघिल्लो आर्थिक वर्षको सोही अवधिमा तीन खर्ब ९५ अर्ब ३० करोड रुपैयाँ रहेको व्यापार घाटा बढेर चालु आर्थिक वर्षको पहिलो तीन महिनामा उक्त रकम पुगेको हो।

नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार भारतसँग सबैभन्दा बढी व्यापार घाटा देखिएको छ। समीक्षा अवधिमा नेपालले भारतबाट तीन खर्ब ६६ अर्ब ७८ करोड रुपैयाँ बराबरका वस्तु आयात गरेको छ भने दक्षिणी छिमेकी भारततर्फ ९५ अर्ब ५९ करोड रुपैयाँ बराबरका वस्तु मात्र निर्यात गरेको छ। यसबाट भारतसँग नेपालको व्यापार घाटा दुई खर्ब ७१ अर्ब १९ करोड रुपैयाँ पुगेको छ।

त्यसैगरी नेपालले चीनसँग एक खर्ब ३३ अर्ब ६३ करोड रुपैयाँ र अर्जेन्टिनासँग ३५ अर्ब ६३ करोड रुपैयाँ व्यापार घाटा व्यहोरेको छ। समीक्षा अवधिमा अर्जेन्टिनाबाट नेपालले गर्ने आयातमा कच्चा भटमासको तेलको ठूलो हिस्सा रहेको छ।

समीक्षा अवधिमा नेपालको कुल वैदेशिक व्यापार ४०.७१ प्रतिशतले बढेर सात खर्ब ६१ अर्ब सात करोड रुपैयाँ पुगेको छ। आयात ३८.१८ प्रतिशतले वृद्धि भई ६ खर्ब ४६ अर्ब ७८ करोड रुपैयाँ पुगेको छ भने निर्यात ५७.०३ प्रतिशतले बढेर एक खर्ब १४ अर्ब २९ करोड रुपैयाँ पुगेको छ।

बाँकी पृष्ठ ४ ▶▶

शंकाको घेरामा गहुँ चोरी घटना, अनुसन्धान हुँदै

अपन दैनिक संवाददाता
सप्तरी, कार्तिक ११ गते

सप्तरीको बलानबिहुल गाउँपालिका-६ स्थित धर्मराज बाबा धान-गहुँ खरिदबिक्री केन्द्रको गोदामबाट ठूलो परिमाणमा गहुँ चोरी भएको भनिएको घटनाले नयाँ शंका उब्जाएको छ। गोदामको ताल्चा फुटेको अवस्थामा भेटिए पनि चोरी भएको भनिएको गहुँको परिमाण र घटनास्थलको अवस्थाबारे फरक विवरण आएपछि प्रहरीले विभिन्न कोणबाट अनुसन्धान अघि बढाएको छ।

गोदामका सञ्चालक गंगाराम महरानले कार्तिक ६ गते राति करिब तीन सय बोरा गहुँ चोरी भएको दाबी गर्दै प्रहरीलाई जानकारी गराएका थिए। तर, घटनास्थलमा चोरी भएको पुष्टि गर्ने स्पष्ट भौतिक प्रमाण फेला नपरेको र सुरुमा तथा पछि बताइएको चोरीको परिमाणमा समेत फरक देखिएपछि प्रहरीले घटनालाई शंकास्पद रूपमा अनुसन्धान गरिरहेको छ।

रौतहट टोल निवासी ४० वर्षीय महरानका अनुसार गोदाममा प्रतिबोरा करिब ६० किलोका दरले कुल ६ सय ३६ बोरा गहुँ भण्डारण गरिएको थियो। त्यसमध्ये करिब तीन सय बोरा चोरी भएको उनको दाबी छ। चोरी भएको भनिएको गहुँको बजारमूल्य आठ लाख ८२ हजार रुपैयाँ बराबर रहेको उनले बताए।

महरानका अनुसार घरमा गोसाइँ पूजा रहेकाले कार्तिक ६ गते साँझ खरिदबिक्री केन्द्र बन्द गरेर घर गएका थिए। भोलिपल्ट बिहान करिब ६ बजे गोदाम पुग्दा मुख्य गेट खुला रहेको र लगाएर गएको ताल्चा फुटाएर नजिकै फालिएको अवस्थामा भेटिएको थियो। गोदाम परिसरमा राखिएको ट्याक्टरको ब्याट्रीसमेत हराएको उनले बताए।

यति ठूलो परिमाणमा गहुँका बोरा लैजान सानो टिपर वा ट्याक्टर प्रयोग भएको हुन सक्ने उनको अनुमान छ। तर, घटनामा कसको संलग्नता छ भन्नेबारे आफूलाई जानकारी नभएको उनले बताए।

चोरीको परिमाणमै फरक विवरण

घटनाको अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय कडरबोनाका प्रहरी निरीक्षक श्याममणि पोखरेलका अनुसार सुरुमा सञ्चालकले एक सय ५० बोरा गहुँ चोरी भएको जानकारी गराएका थिए। पछि तीन सय बोरा चोरी भएको दाबी गरिएपछि प्रहरीले घटनाको वास्तविकता पत्ता लगाउन थप अनुसन्धान गरिरहेको छ।

प्रहरी निरीक्षक पोखरेलले घटनास्थलमा चोरी भएको भनिएको परिमाणअनुसारका गतिविधि पुष्टि गर्ने भौतिक प्रमाण अहिलेसम्म फेला नपरेको बताए।

"यति ठूलो परिमाणमा गहुँका बोरा लगिएको भनिए पनि गोदामबाहिर गहुँको एक दाना पनि फेला परेको छैन। ट्याक्टर प्रयोग भएको हुन सक्ने अनुमान गरिए पनि चक्काको निशानसमेत भेटिएको छैन," उनले भने, "घटना शंकास्पद छ।"

यद्यपि, घटनास्थलमा तत्काल स्पष्ट प्रमाण नदेखिएको आधारमा चोरी भएको दाबीलाई अस्वीकार गर्न नमिल्ने उनको भनाइ छ। हुलाकी सडकतर्फ जडान गरिएका सिसिटिभी क्यामेरामा घटनासँग सम्बन्धित गतिविधि नदेखिएको र गोदामको दक्षिणतर्फको बस्तीमा सिसिटिभी क्यामेरा नभएकाले अनुसन्धानमा कठिनाइ भइरहेको उनले बताए। प्रहरीले घटनाबारे स्थानीयसँग समेत सोधपुछ गरिरहेको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले पनि घटनालाई विभिन्न कोणबाट अनुसन्धान भइरहेको जानकारी दिए।

अनुसन्धानमा ओसारपसारको प्रश्न

करिब ६० किलोका तीन सय बोरा गहुँ ओसारपसार गर्न सवारीसाधन आवश्यक पर्ने भएकाले प्रहरीले सम्भावित सवारीसाधनको आवागमन र घटनासँग जोडिन सक्ने अन्य पक्षबारे समेत अनुसन्धान गरिरहेको छ। तर, गहुँ ओसारपसारमा कुनै सवारीसाधन प्रयोग भएको पुष्टि गर्ने प्रत्यक्ष प्रमाण अहिलेसम्म फेला परेको छैन।

गोदाममा गहुँ भण्डारण गरिएको अवस्था, ताल्चा फुटेको घटना, चोरी भएको भनिएको परिमाण र घटनास्थलमा प्रमाण नदेखिएको विषयबीचको वास्तविकता अझै स्पष्ट हुन सकेको छैन। सञ्चालकको दाबी र प्रहरी अनुसन्धानबाट प्राप्त तथ्यबीच देखिएको भिन्नताले घटनाको निष्पक्ष छानबिन आवश्यक देखिएको छ।

प्रहरी निरीक्षक पोखरेलले अनुसन्धान जारी रहेकाले केही समय लागे पनि घटनाको वास्तविकता पत्ता लगाउने बताए। "हामी अनुसन्धान गरिरहेका छौं। दूधको दूध, पानीको पानी हुन्छ," उनले भने।

स्वदेशी वस्तुको प्रयोग गरौं ।

सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-

- सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने।
- त्यस्तो बस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने।
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने।
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, ब्यवस्था छ।

स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ
उक्त व्यवस्थाको पालना गरौं र गराऔं !

सिरहा नगरपालिका
११ नं. वडा कार्यालय, भलुवाही
मधेश प्रदेश, सिरहा (नेपाल)

आयोगमा उज्यालो नेपालको ज्ञापनपत्र: गैरदलीय चुनाव र विदेशमा रहेकालाई मताधिकार दिन माग

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक ११ गते

उज्यालो नेपाल पार्टीले स्थानीय तहको निर्वाचन गैरदलीय प्रणालीबाट गर्न र विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न माग गर्दै निर्वाचन आयोगमा ज्ञापनपत्र बुझाएको छ।

बुधबार पार्टी अध्यक्ष कुलमान घिसिङको नेतृत्वमा गएको टोलीले प्रमुख निर्वाचन आयुक्तसमक्ष ज्ञापनपत्र बुझाउँदै आगामी स्थानीय तहको निर्वाचन गैरदलीय प्रणालीबाट सम्पन्न गर्नुपर्ने माग गरेको हो।

ज्ञापनपत्रमा स्थानीय तहको निर्वाचनलाई दलीय स्वार्थ र राजनीतिक शक्ति प्रदर्शनबाट मुक्त गर्दै नागरिकको प्रत्यक्ष सेवा, सुशासन र विकासमा केन्द्रित बनाउन गैरदलीय निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्ने उल्लेख छ।

स्थानीय तहको नेतृत्व चयन गर्दा दलगत प्रभावभन्दा उम्मेदवारको योग्यता, इमानदारी, कार्यक्षमता, कार्ययोजना र नागरिकप्रतिको जवाफदेहितालाई प्राथमिकता दिनुपर्ने पार्टी अध्यक्ष घिसिङले बताए।

ज्ञापनपत्रमा दलीय प्रतिस्पर्धाका कारण स्थानीय मुद्दा ओझेलमा पर्ने, राजनीतिक ध्रुवीकरण बढ्ने तथा निर्वाचन खर्च र आर्थिक चलखेलको जोखिम बढ्न सक्ने उल्लेख गरिएको छ।

त्यस्तै, वैदेशिक रोजगारी, अध्ययन, व्यवसाय तथा अन्य प्रयोजनका लागि विदेशमा रहेका नेपाली नागरिकलाई आफ्नो स्थायी ठेगाना रहेको स्थानीय तहको निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था गर्न पनि पार्टीले माग गरेको छ।

विदेशमा रहेका नेपाली नागरिकको मतदान अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउन ज्ञापनपत्रमार्फत आयोगको ध्यानाकर्षण गराइएको छ।

मधेश प्रदेशमा ९ अर्ब सहुलियतपूर्ण कर्जा प्रवाह

बैंक तथा वित्तीय संस्थाले गत आव मधेशका ८ जिल्लामा उक्त सहुलियतपूर्ण कर्जा लगानी गरेका हुन्।

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक ११ गते

बैंक तथा वित्तीय संस्थाले मधेश प्रदेशमा मात्रै ९ अर्ब सहुलियतपूर्ण कर्जा प्रवाह गरेका छन्।

बैंक तथा वित्तीय संस्थाले गत आव मधेशका ८ जिल्लामा उक्त सहुलियतपूर्ण कर्जा लगानी गरेका हुन्।

गत आर्थिक वर्ष २०८२/८३ मा बैंक तथा वित्तीय संस्थाले ८ अर्ब ९९ करोड सहुलियतपूर्ण कर्जा प्रदान गरेको नेपाल राष्ट्र बैंकको अध्ययनले देखाएको छ।

प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी १ अर्ब २ करोड अर्थात् १६.५४ प्रतिशत धनुषा र सबैभन्दा कम ३० करोड अर्थात् ४.८७ प्रतिशत सप्तरीमा रहेको केन्द्रीय बैंकको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

२०८२/८३ मा यस प्रदेशको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा सबैभन्दा बढी योगदान कृषि, वन तथा मत्स्य क्षेत्रको ३४.९७ प्रतिशत तथा सबैभन्दा कम योगदान खानी तथा उत्खनन क्षेत्रको ०.१४ प्रतिशत रहने अनुमान छ। गत आव मधेस प्रदेशको प्रतिव्यक्ति जीडीपी अमेरिकी डलरमा ९ सय ३४ हुने अनुमान छ।

मधेशमा फलफूलले ओगटेको क्षेत्रफल ३३.९९ प्रतिशत तथा मसला बालीले ओगटेको क्षेत्रफल ४.४६ प्रतिशत वृद्धि भएको छ। खाद्य तथा अन्य बालीले ओगटेको क्षेत्रफल ४.४७ र तरकारी तथा बागवानीले ओगटेको क्षेत्रफल १०.१५ प्रतिशत घटेको राष्ट्र बैंकले जनाएको छ।

त्यस्तै तरकारी तथा बागवानी उत्पादन ०.५४ र फलफूल उत्पादन ४.९९ प्रतिशत वृद्धि भएको छ भने खाद्य तथा अन्य बाली उत्पादनमा ५.६९ तथा मसला उत्पादन ४.४४ प्रतिशत घटेको छ।

गत आव पशुजन्य उत्पादनतर्फ मासु र अन्डा उत्पादन क्रमशः १०.१९ र ३.११ प्रतिशत वृद्धि भएको छ। दूध उत्पादन भने २.६७ प्रतिशतले घटेको छ।

त्यसैगरी माछा उत्पादन ५.०५, वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन ६०.५८ र दाउरा उत्पादन ७८.६२ प्रतिशत वृद्धि भएको छ।

२०८३ असार मसान्तमा मधेश प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा ५९ अर्ब ८६ करोड ९० लाख कर्जा प्रवाह भएको छ। यो मधेसमा प्रवाहित कुल कर्जाको १२.१० प्रतिशत हो।

अध्ययनमा समेटिएका प्रमुख उद्योगको उत्पादन क्षमता उपयोग भारित औसतमा ६४.५९ प्रतिशत छ। गत आव बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जामा ०.६८ प्रतिशत वृद्धि भई १ खर्ब २८ अर्ब ९७ करोड कायम भएको छ। गत आव यस्तो कर्जा १ खर्ब २८ अर्ब ९ करोड थियो।

यस प्रदेशमा घरजग्गा रजिस्ट्रेसन संख्या १ लाख १६ हजार २ सय ७ छ भने घरजग्गा रजिस्ट्रेसन राजस्व ३ अर्ब २२ करोड संकलन भएको छ। २०८३ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले मधेशबाट परिचालन गरेको निक्षेप १७.३२ प्रतिशत वृद्धि भई ४ खर्ब ७८ अर्ब ३७ करोड पुगेको छ। कर्जा प्रवाह भने ०.१८ प्रतिशत कम भई ४ खर्ब ९४ अर्ब ९५ करोड कायम भएको छ।

यस प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनामा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पूर्वपश्चिम रेलमार्ग, हुलाकी राजमार्ग, काठमाडौं तराई मधेस द्रुतमार्ग सडक आयोजना र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयन चरणमा छन्। उक्त आयोजनामध्ये हुलाकी सडकमार्ग निर्माण गति तुलनात्मक तीव्र छ।

आव २०८२/८३ मा मधेसबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या १ लाख ७९ हजार ४१ छ। यो संख्या मुलुकबाट श्रम स्वीकृति लिने कुल संख्याको २२.६० प्रतिशत हो।

रास्वपाले माग्यो निलम्बित धनुषा सभापति यादवसँग ....

प्रदेश समितिले यादवलाई पठाएको पत्रमा पार्टीका विभिन्न कार्यक्रममा उनले व्यक्त गरेका भनाइ समेटिएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएको र त्यस विषयमा जिल्ला प्रहरी कार्यालय धनुषाले २०८३ कार्तिक ९ गते प्रेस विज्ञप्ति जारी गरेको उल्लेख छ। उक्त घटनाबारे यादवको भनाइ र वास्तविकता स्पष्ट गर्न प्रदेश समितिले पाँच वटा प्रश्नमा बुँदागत जवाफ मागेको छ।

समितिले सार्वजनिक भिडियोमा देखिएको अभिव्यक्ति यादवकै हो वा होइन भन्ने स्पष्ट पार्न भनेको छ। अभिव्यक्ति आफ्नै भए त्यसको उद्देश्य, सन्दर्भ र आशय खुलाउन पनि पत्रमा भनिएको छ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुखलाई लक्षित गरी व्यक्त गरिएका भनाइ तथा लगाइएका आरोपको आधार र त्यसलाई पुष्टि गर्ने तथ्य वा प्रमाण उपलब्ध भए पेस गर्न निर्देशन दिइएको छ।

प्रहरीको विज्ञप्तिमा उल्लेख भएअनुसार परिवारकी एक महिला सदस्य हराएको भन्दै यादवले दिएको खोजतलाससम्बन्धी निवेदनको घटनाबारे पनि स्पष्टीकरण मागिएको छ। उक्त प्रकरणमा पदको दुरुपयोग गरी प्रहरीमाथि दबाब दिएको भन्ने प्रहरीको दाबीप्रति आफ्नो धारणा स्पष्ट पार्न पत्रमा भनिएको छ।

प्रहरी कार्यालय घेराउ गर्ने, धम्की दिने वा अनुचित दबाब सिर्जना गर्ने आशयको अभिव्यक्ति दिएको भए त्यसको उद्देश्य र आधार खुलाउन पनि समितिले भनेको छ। साथै यादवको सार्वजनिक अभिव्यक्ति पार्टीको विधान, अनुशासन र आचारसंहितासँग सम्बन्धित रहेकाले त्यो विषयमा पनि धारणा मागिएको छ।

प्रदेश समितिले पत्र प्राप्त भएको मितिले तीन दिनभित्र स्पष्ट, तथ्यपरक र प्रमाणमा आधारित जवाफ पेस गर्न निर्देशन दिएको छ। तोकिएको अवधिमा जवाफ नदिएमा वा स्पष्टीकरण चित्तबुझ्दो नभएमा पार्टीको विधान, आचारसंहिता तथा सम्बन्धित कार्यविधिअनुसार आवश्यक निर्णय प्रक्रिया अघि बढाइने पत्रमा उल्लेख छ।

स्पष्टीकरण माग्नुका साथै प्रदेश समितिले निलम्बित अवस्थामा रहेका यादवलाई अर्को निर्णय नभएसम्म सार्वजनिक कार्यक्रममा पार्टीको प्रतिनिधित्व नगर्न, पार्टीका भेला तथा बैठकमा सहभागी नहुन र जिल्ला पार्टी कार्यालय नियन्त्रणमा लिएर प्रयोग नगर्न निर्देशन दिएको छ।

साथै, जिल्ला पार्टी कार्यालयको साँचो प्रदेश सभापतिमार्फत धनुषाका कार्यवाहक सभापतिलाई तीन दिनभित्र हस्तान्तरण गर्न पनि पत्रमा भनिएको छ। पत्रको बोधार्थ रास्वपाको केन्द्रीय सचिवालय, केन्द्रीय संगठन विभाग र केन्द्रीय अनुशासन आयोगलाई पठाइएको छ।

स्वस्थ रहन: जीवनशैली परिवर्तन गरौं

असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन्।

त्यसैले,

- स्वस्थ र सन्तुलित खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

व्यापार घाटा पाँच खर्ब ....

निर्यातको वृद्धिदर तीव्र भए पनि निर्यात हुने वस्तुको सूची सीमित रहेकाले निर्यातबाट हुने आम्दानी आयातमा खर्च हुने रकमभन्दा निकै कम रहेको छ। कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ८४.९८ प्रतिशत रहेको छ भने निर्यातको हिस्सा १५.०२ प्रतिशत मात्र छ। एक वर्षअघि ६.४३ प्रतिशत रहेको निर्यात-आयात अनुपात घटेर ५.६६ प्रतिशतमा झरेको छ।

समीक्षा अवधिमा मूल्यका आधारमा कच्चा भटमासको तेल नेपालको सबैभन्दा ठूलो आयातित वस्तु बनेको छ। यस अवधिमा पाँच अर्ब २६ करोड रुपैयाँ बराबरको २९ करोड ८४ लाख ९० हजार लिटर कच्चा भटमासको तेल आयात गरिएको छ। त्यस्तै ४७ अर्ब ३१ करोड रुपैयाँ बराबरको दुई लाख ८८ हजार चार सय ६८ किलो लिटर डिजेल र २४ अर्ब ६२ करोड रुपैयाँ बराबरको एक लाख ८१ हजार पाँच सय ५४ किलो लिटर पेट्रोल आयात गरिएको छ।

नेपालले २३ अर्ब १९ करोड रुपैयाँ बराबरको १७ करोड १९ लाख ८० हजार किलोग्राम खाना पकाउने एलपी ग्यास तथा १९ अर्ब ३० करोड रुपैयाँ बराबरको १६ करोड ५१ लाख ८० हजार किलोग्राम मलसमेत आयात गरेको छ।

निर्याततर्फ भटमासको तेल पहिलो स्थानमा रहेको छ। समीक्षा अवधिमा ५२ अर्ब ६० करोड रुपैयाँ बराबरको २१ करोड ७१ लाख किलोग्राम भटमासको तेल निर्यात गरिएको छ। दोस्रो स्थानमा जुट रहेको छ। यस अवधिमा दुई अर्ब ९६ करोड रुपैयाँ बराबरको तीन करोड ९७ लाख २० हजार वर्गमिटर जुट निर्यात गरिएको छ।

ठूलो अलैंचीको निर्यात एक करोड ४५ लाख किलोग्राम रहेको छ, जसको मूल्य दुई अर्ब ५७ करोड रुपैयाँ बराबर छ। त्यस्तै दुई अर्ब ५३ करोड रुपैयाँ बराबरको एक करोड १२ लाख ३० हजार लिटर सूर्यमुखी र कुसुमको तेल निर्यात गरिएको छ।

प्रशोधित पाम तेलको निर्यात ७३ लाख १० हजार लिटर पुगेको छ, जसको मूल्य दुई अर्ब ४२ करोड रुपैयाँ बराबर रहेको छ।

यी तथ्यांकले चालु आर्थिक वर्षको पहिलो त्रैमासमा नेपालको वैदेशिक व्यापार विस्तार भएको देखाउँछन्। तर आयात र निर्यातबीचको निरन्तर ठूलो अन्तरका कारण नेपालको व्यापार घाटा भने बढ्दै गएको छ।

प्रहरीको पोशाक ....

अध्ययन गर्न संसदीय उप समिति गठन भएको हो।

उपसमितिको सचिवालयले प्राप्त विवरण संकलन र त्यसमाथि अध्ययनको काम गरिरहेको जनाएको छ।